**Pashupatinath Buddha Foundation of New England (PABFONE)**
594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org
facebook
PABFONE
PASHUPATINATH BUDDHA FOUNDATION OF NEW ENGLAND
Estd 2012

**मितिः अप्रिल १४, २०२६ (तदनुसार विक्रम सम्बतः  बैशाख १, २०८३)**

**कल्याणमित्र डीबी गुरुङज्यू,**

**संस्थापक, बुद्धिज्म डिजिटल लाइब्रेरी इंक**

**अमेरिका**

**विषयः शुभकामना सन्देश**

**कल्याणमित्र महाशय,**

२५८०औं बुद्ध जयन्तीको पावन अवसरमा पशुपतिनाथ बुद्ध फाउन्डेशन अफ न्यु इंग्ल्याण्ड (PABFONE) का तर्फबाट समस्त मानव समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

भगवान् बुद्धले प्रतिपादन गर्नुभएको सत्य, करुणा, मैत्री र अहिंसाको मार्ग आजको विश्व परिवेशमा अझ सान्दर्भिक र मार्गदर्शक बनेको छ। उहाँका दिव्य उपदेशहरूले सम्पूर्ण मानव सभ्यतालाई शान्ति, सहअस्तित्व, सहिष्णुता र नैतिकताको दिशामा अघि बढ्न प्रेरित गरिरहेका छन्।

यस सन्दर्भमा, Buddhism Digital Library (BDL) Inc., USA ले बौद्ध दर्शन, संस्कृति र ज्ञानको संरक्षण तथा प्रसारमा डिजिटल माध्यममार्फत पु¥याउँदै आएको उल्लेखनीय योगदानको उच्च सराहना गर्दछु। यस्ता पहलहरूले विश्वभर ज्ञानको पहुँच विस्तार गर्दै मानव समाजलाई बौद्ध शिक्षासँग जोड्न महत्वपूर्ण भूमिका खेलेका छन्।

यस पावन अवसरले हामी सबैलाई भगवान् बुद्धका आदर्शहरूलाई आत्मसात गर्दै समस्त मानव समुदाय र सम्पूर्ण सभ्यतामा दिगो शान्ति, सद्भाव र मानवीय मूल्यहरूको प्रवर्द्धन गर्न प्रेरित गरोस् भन्ने कामना व्यक्त गर्दछु। साथै, Buddhism Digital Library को आगामी दिनहरूमा अझ उत्तरोत्तर प्रगति र सफलताको कामना गर्दछु।

**समस्त मानव समुदायमा शान्ति, समृद्धि र सद्भाव कायम रहोस्।**

भवदीय,

सुशील चन्द्र पौडेल

अध्यक्ष्य बोर्ड अफ ट्रष्टीज

पशुपतिनाथ बुद्ध फाउन्डेशन अफ न्यु इंग्ल्याण्ड (PABFONE)